नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५ - ११
चलानी नं. : २४८

CDS and Clearing Ltd.

# प्रेस विज्ञप्ति

आज मिति २०७३/०९/२७ गते सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) को आ.व. २०७३/७४ को सातौं वार्षिक साधारण सभा सम्पन्न भयो । कम्पनी ऐन, २०६३ को दफा ७४ अनुसार साधारण सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री चन्द्र सिंह साउदज्यूले गर्नु भएको थियो । सभामा लेखा परीक्षकले प्रमाणित गरेको आर्थिक प्रतिवेदन तथा प्रस्तावित विषयबस्तु माथि विस्तृत छलफल भई सो को पारित गरिएको छ ।

सभामा प्रगति विवरण पेश हुँदा धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ मा भएको व्यवस्थानुसार धितोपत्रको अभौतिकीकरणका लागि दर्ता गरेका कम्पनीहरुको संख्या आर्थिक वर्ष २०७२/७३ मा ९२ वटा र आर्थिक वर्ष २०७२/७३ मा २३ वटा गरी समीक्षा अवधिसम्म कूल दर्ता कम्पनीहरुको संख्या १८७ पुगेको छ । आ.व. २०७२/७३ मा १३ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएको थियो भने आ.व. २०७३/७४ मा थप ४ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएको छ र समीक्षा अवधिसम्म कूल निक्षेप सदस्यहरुको संख्या ६५ पुगेको छ । निक्षेप सदस्यहरुको संजाल मुलुकभरका कूल ७३ वटा जिल्लाहरुमा विस्तार गरी केन्द्रीय निक्षेप सेवा प्रदान गरिदैं आएको छ । त्यसै गरी धितोपत्र अभौतिकीकरण गरी कारोबार गर्नका लागि आ.व. २०७२/७३ मा ३ लाख ५१ हजार ४ सय २५ वटा हितग्राही खाता खोलिएका थिए भने सो संख्या आ.व. २०७३/७४ मा ३६.१३ प्रतिशतले बृद्धि भई कूल ४ लाख ७८ हजार ३ सय ८५ वटा हितग्राही खाता खोलिएका छन् ।

आ.व. २०७२/७३ मा ९० करोड ७७ लाख ६६ हजार २ सय ७३ कित्ता धितोपत्र अभौतिकीकरण भएका थिए भने आ.व. २०७३/७४ मा कुल १ अर्ब ५ करोड ९४ लाख ६३ हजार २ सय ९९ कित्ता धितोपत्र अभौतिकीरण भएका छन् । यो संख्या गत आ.व. को तुलनामा १६.७१ प्रतिशतले बृद्धि भएको हो ।

कम्पनीले आ.व.२०७२/७३ मा रु.११ करोड ८९ लाख ५९ हजार ३९ रुपैयाँ आम्दानी गरेकोमा आ.व. २०७३/७४ मा रु.१५ करोड १८ लाख ४२ हजार ६ सय ६२ रुपैयाँ आम्दानी गर्न सफल भएको छ । यस आ.व. को आम्दानी गत आर्थिक वर्षको तुलनामा २७.६४ प्रतिशतले बृद्धि भएको छ । त्यसैगरी खर्च तर्फ आ.व. २०७२/७३ मा रु. ६ करोड ४९ लाख ७५ हजार २ सय ७५ रुपैयाँ खर्च भएकोमा यस आ.व. २०७३/७४ मा रु. ७ करोड ३९ लाख ६५ हजार ८ सय ८९ रुपैयाँ खर्च भएको छ । यस आ.व. को खर्च गत आ.व.२०७२/७३ भन्दा १३.८४ प्रतिशतले बृद्धि भएको छ ।

आ.व.२०७२/७३ सम्म रु. ३ करोड १८ लाख ८२ हजार ८ सय ८४ रुपैयाँ संचित नोक्सान रहेकोमा आ.व.२०७३/७४ मा संचित मुनाफा आर्जन गर्न सफल भई रु. २ करोड २१ लाख ९० हजार २ सय १९ रुपैयाँ कम्पनीको जगेडा कोषमा रहेको छ ।

मिति : २०७४/०९/२७

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com